# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम
## ६ नं. प्रदेश, नेपाल

मोवाइल नं. : ९७४१३८९९६१

इमेल : rambdr.kc90@gmail.com

आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम नेपाल

मिति :- २०७४/१०/१४

## जग्गा खरिद सम्बन्धी सिलवन्दी बोलपत्र आव्हान गरिएको सूचना

**( प्रथम पटक प्रकाशित मिति २०७४/१०/१४)**

चालू आ.व. २०७४/०७५ स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिकाको लागि आवश्यक जग्गा तपसिल बमोजिमको परिमाण, स्थान र दरमा बोलपत्रको माध्यामद्धारा खरिद गर्नु पर्ने भएकोले सूचनामा तोकिए बमोजिमको स्थानभित्र पर्ने सम्बन्धीत जग्गाधनीहरुबाट देहायका शर्तहरुको अधीनमा रही रितपूर्वकको खुला बोलपत्र आव्हान गरिएको छ ।

| क.स. | बोलपत्रको विवरण | आवश्यक परिमाण | इकाई | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र मान्य हुने अवधि | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति, समय र स्थान | प्रति रोपनी दर रु | कुल जम्मा रकम रु | बोलपत्र वापत राख्नुपर्ने विडवण्ड | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | जग्गा खरिद | ११(एघार) | रोपनी | यो सूचना प्रकाशन भएको मितिले ३० औं दिन कार्यालय समयभित्र | ९० दिन | सो सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ बजे भित्र नगरपालिका कार्यालयमा | यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको २ बजे नगरपालिकाको कार्यालयमा | १६,००,०००।०० (सोह्र लाख) | १,७६,००,०००।०० (एक करोड छेहत्तर लाख ) | ५,२८,०००।०० | ३,०००।०० |

१. बोलपत्र फाराम र सोसँग सम्बन्धित अन्य विवरण यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म आठविसकोट नगरपालिका वडा नं. ९ राडिबजारस्थित नेत्रचोकदेखि क्याम्पस जाने बाटोको वायाँ साइड तर्फ र कर्ण शाहीको घरको अगाडीदेखि प्रहरी चौकीसम्मको दायाँवायाँ(रोडदेखि) को क्षेत्रमा पर्ने जग्गाका इच्छुक जग्गाधनीहरुले कित्ता नं. र क्षेत्रफल स्पष्ट खुल्ने जग्गाधनी प्रमाणपूर्जा, आ-आफ्नो हकदैया वा भोग चलन सम्बन्धी निस्सा प्रमाण, आ.व. २०७४/०७५ सम्मको मालपोत तथा सम्पत्ति कर तिरेको रसिद वा करदाता प्रमाणपत्र, जग्गाको चारकिल्ला प्रमाणित गर्ने प्रमाण संलग्न गरी रू. १०।०० को टिकट

नि. प्रमुख प्रशासकीय अधिकृत

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम
६ नं. प्रदेश, नेपाल

मोवाइल नं. : ९७४१३८९९६१
इमेल : rambdr.kc90@gmail.com

मिति :- २०७४/१०/१४

टांसी कार्यालय समयमा यस नगरपालिकाको कार्यालय, आठविसकोट रुकुम(पश्चिम)बाट माथि उल्लेख भए अनुसार बोलपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र फाराम माथि उल्लेखित मिति र समयमा उपस्थित बोलपत्रदाताहरु वा अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा (बोलपत्रदाता/प्रतिनिधि उपस्थित नभए पनि) यस कार्यालयमा खोलिने छ ।

३. बोलपत्र पेश गर्दा माथि उल्लेखित रकम बराबरको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय विस) दिन म्याद भएको बोलपत्र जमानत (बिडबन्ड) संलग्न हुनु पर्नेछ । उक्त विडवण्ड रकम नेपाल बैंक लिमिटेड, रुकुमको धरौटी खाता नं. ४-ग-३ (०७७०३००००००००३०००१०) मा जम्मा गरी जम्मा गरेको सक्कलप्रति बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त वाणिज्य वैंकबाट यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड संलग्न गरी पेश गर्न पर्नेछ ।

४. बोलपत्र स्विकृत भएमा कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १ वर्ष म्याद भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ ।

५. बोलपत्रमा दररेट अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

६. रित नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. बोलपत्र स्वीकृत भईसकेपछि स्वीकृत बोलपत्रदातालाई कबोल अंक बराबरको रकम भुक्तानी दिंदा कवोल रकमको ३४% रकम यस चालू आ.व. २०७४/०७५ र बाँकी ६६% रकम आगामी आ.व. २०७५/०७६ को पहिलो चौमासिकभित्र भुक्तानी गरिनेछ ।

८. प्रचलित ऐन, नियमानुसार लाग्ने सम्पूर्ण कर बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

९. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिकरुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा निहीत हुनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम
६ नं. प्रदेश, नेपाल

मोवाइल नं. : ९७४१३८९९६१
इमेल : rambdr.kc90@gmail.com

मिति :- २०७४/१०/१४

१०. उपलब्ध गराउनु पर्ने जग्गा यस सूचनामा उल्लेख भएअनुसारको क्षेत्रमा उपलब्ध हुनु पर्नेछ र उक्त जग्गा भौतिक संरचना निर्माणको लागि उपयुक्त, मूल सडकसँग जोडिएको वा मूल सडकबाट कम्तिमा १४ मिटर चौडा क्षेत्राधिकार भएको सडकको पहुँच भएको हुनुपर्नेछ ।

११. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरु बोलपत्र फारामसाथ उपलब्ध हुने सूचना तथा शर्तहरु एवं. प्रचलित ऐन नियमानुसार हुनेछ ।

१२. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१३. अन्य उल्लेख नभएको विषयमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ अनुसार तय भए बमोजिम हुनेछ ।

१४. बोलपत्रदाताले आर्थिक प्रस्ताव र प्राविधिक प्रस्ताव सिलबन्दी खाममा समावेश गरी पेश गर्नुपर्नेछ । प्राप्त प्रस्तावहरु सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खोलिनेछ ।

१५. सुचनामा उल्लेख भएअनुसारको क्षेत्रमा पर्ने जग्गाधनीहरुले सुचनामा उल्लेख भए अनुसार जग्गा दिन सहमत नभएमा जग्गा प्राप्ति ऐन, २०३४ तथा भूमी सम्बन्धी ऐन, २०२१ मा उल्लेख अनुसार सम्बन्धीत जग्गाधनीलाई क्षतिपुर्ति स्वरुप मुआब्जा दिई जग्गा अधिग्रहण गरिनेछ ।

१५. विस्तृत जानकारीको लागि सम्पर्क नं. ९७४१३८९९६१, ९७४८५८३१३८, ९८४९२८१०९७, ९८१०९३९०९०, ९७४८६२६२०९ मा सम्पर्क राख्न सकिनेछ ।

..............................
नि. प्रमुख प्रशासकीय अधिकृत